कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल

फोनः ०१०-५४२०१८/९८५११८५०१६
Email: info@kalikamunrasuwa.gov.np
Website: kalikamunrasuwa.gov.np

प.सं. : २०८३/८४
च.नं. :

मितिः २०८३/०४/०८

सूचना !          सूचना !!          सूचना !!!

## मेलमिलापकर्ताहरुले सूचीकृत हुने सम्बन्धी सूचना

कालिका गाउँपालिकाद्वारा जारी "कालिका गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५" अनुसार प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने उजुरीका सम्बन्धमा मिलापत्र गराउन ऐनको दफा ५९ बमोजिम मेलमिलापकर्ताहरुको सूची अद्यावधिक गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिम योग्यता पुगेका इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा आवश्यक कागजात सहित सूची दर्ताको लागी आवेदन गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

### आवश्यक योग्यता

- कम्तिमा स्नातक उत्तीर्ण गरेको,
- कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको
- स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको,
- २५ वर्ष उमेर पुरा भएको,

माथि योग्यतामा जुनसुकै कुरा लेखिएको भएता पनि तालिम लिई काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिने ।

### संलग्न गर्नुपर्ने कागजातहरु

- नागरिकता प्रमाण पत्रको प्रतिलिपी
- शैक्षिक प्रमाणपत्रको छाँयाकपी
- मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको छाँयाकपी
- मेलमिलाप सम्बन्धी अनुभव
- व्यक्तीगत विवरण
- पासपोर्ट साईजको २ वटा फोटो

*नोटः गत आ.व मा सूचीकृत भएका मेलमिलापकर्ताहरुको समेत पूनः सूची दर्ता गर्नुपर्ने व्यहोरा अनुरोध छ ।*

लिला नाथ नेपाल
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत